# प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत र प्रारम्भ मिति
२०७४।६।२०

संशोधन

| | |
|---|---|
| प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४ | २०७४।६।२७ |
| प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४ | २०७४।८।२० |
| प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (तेस्रो संशोधन) निर्देशिका, २०७४ | २०७४।९।५ |

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अल्पसङ्ख्यक" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अनुसूची-१ बमोजिमको समूहको व्यक्ति सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) "उम्मेदवार" भन्नाले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) “उम्मेदवारको बन्दसूची” भन्नाले दफा १३ बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि दलले पेश गरेको उम्मेदवारको बन्दसूची सम्झनु पर्छ ।

(च) “केन्द्रीय समिति” भन्नाले दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समिति सम्झनु पर्छ ।

(छ) “खस आर्य” भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) समुदाय सम्झनु पर्छ ।

(छ) “दल” भन्नाले निर्वाचनको प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलहरूको समूहलाई समेत जनाउँछ ।

(ज) “नियमावली” भन्नाले प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ सम्झनु पर्छ ।

(झ) “निवेदन” भन्नाले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिनको लागि दलले दफा ७ बमोजिम दिएको निवेदन सम्झनु पर्छ ।

(ञ) “निर्वाचन” भन्नाले प्रदेश सभा सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ ।

(ट) “निर्वाचन अधिकृत” भन्नाले दफा ३ बमोजिम नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(ठ) “निर्वाचन कार्यक्रम” भन्नाले दफा ६ बमोजिमको निर्वाचन कार्यक्रम सम्झनु पर्छ ।

(ड) “निर्वाचन क्षेत्र” भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि सङ्घीय कानून बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्धारण गरेको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(ढ) “पिछडिएको क्षेत्र” भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रत्येक प्रदेश अन्तर्गतका अनुसूची-२ बमोजिमका क्षेत्र सम्झनु पर्छ ।

(ण) “समानुपातिक निर्वाचन प्रणाली” भन्नाले ऐनको दफा ५ बमोजिम प्रत्येक प्रदेशको सम्पूर्ण क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कूल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट

प्रतिनिधित्व गर्ने उम्मेदवार प्रदेश सभाको सदस्यमा निर्वाचित हुने निर्वाचन प्रणाली सम्झनु पर्छ ।

(त) "समावेशी समूह" भन्नाले महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम समुदाय सम्झनु पर्छ ।

(थ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद-२
## निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था

३. निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय : (१) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन सम्बन्धमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ बमोजिम आयोगको सचिवलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको सञ्चालन तथा व्यवस्थापनको लागि आयोगले आवश्यक सङ्ख्यामा सहायक निर्वाचन अधिकृत नियुक्त गर्न सक्नेछ ।

(३) निर्वाचन अधिकृतले आयोगले तोकेको सङ्ख्यामा अन्य कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(४) सहायक निर्वाचन अधिकृत तथा अन्य कर्मचारीको कामको बाँडफाँड निर्वाचन अधिकृतले गर्नेछ ।

(५) निर्वाचन अधिकृतको कार्यालय आयोग परिसरमा रहनेछ ।

४. निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार : (१) आयोगको निर्देशनको अधीनमा रही निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम हुने निर्वाचनको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य स्वच्छ र स्वतन्त्र रुपमा गर्नु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

५. अधिकार प्रत्यायोजन : (१) आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा निर्वाचन अधिकृतलाई आवश्यक अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतले ऐन तथा नियमावलीको अधीनमा रही आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार सहायक निर्वाचन अधिकृत वा निर्वाचनको काम गर्न खटिएको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-३
## निर्वाचन कार्यक्रम र निवेदन

६. निर्वाचन कार्यक्रम प्रकाशन गर्ने : (१) आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनको लागि अनुसूची-३ बमोजिम निर्वाचनको कार्यक्रम तयार गरी प्रकाशन गर्नेछ । यसरी निर्वाचन कार्यक्रम तयार गर्दा निर्वाचन कार्यक्रम बमोजिमको काम गर्नु पर्ने मिति र समय समेत उल्लेख गरिनेछ ।

(२) निर्वाचन कार्यक्रममा देहायका कुराहरू समावेश गर्नु पर्नेछ :–

(क) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन दलहरूले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने,

(ख) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने दलले निवेदन पेश गर्ने,

(ग) निवेदन पेश गर्ने दलहरूको नामावली प्रकाशन गर्ने,

(घ) निवेदन पेश गर्ने दलले निवेदन फिर्ता लिन सक्ने,

(ङ) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दलको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने,

(च) दलले उम्मेदवारको बन्दसूची पेश गर्ने,

(छ) उम्मेदवारको बन्दसूची सच्याउन दललाई सूचित गर्ने,

(ज) दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने,

(झ) उम्मेदवारले आफ्नो नाम फिर्ता लिन निवेदन दिन सक्ने,

(ञ) उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित दललाई दिने र त्यस्तो उम्मेदवारको स्थानमा दलले अर्को उम्मेदवारको नाम समावेश गरी नामावली पेश गर्ने,

(ट) उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने,

(ठ) उम्मेदवारको योग्यता सम्बन्धमा दाबी विरोध गर्न निवेदन दिने,

(ड) उम्मेदवारको योग्यता सम्बन्धी दाबी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने,

(ढ) उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने,

(ण) उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने,

(त) मतदान गर्ने ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको निर्वाचन कार्यक्रम आफ्नो कार्यालयमा प्रकाशन गरी अनुसूची-४ बमोजिमको मुचुल्का गरी राख्नु पर्नेछ ।

७. दलले निवेदन दिनु पर्ने : (१) निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने दलले निर्वाचन कार्यक्रममा तोकिएको समयावधि भित्र निर्वाचनमा भाग लिन चाहेको प्रदेश समेत खुलाई निर्वाचन अधिकृत समक्ष अनुसूची-५ बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले त्यस्तो निवेदन अनुसूची-६ बमोजिमको दर्ता किताबमा दर्ता गरी सोको जानकारी अनुसूची-७ बमोजिम सम्बन्धित दललाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम निवेदन दिँदा सम्बन्धित दलको केन्द्रीय समितिले निर्णय गरी अधिकार प्रदान गरेको दलको पदाधिकारीले दस्तखत गरी दिनु पर्नेछ ।

(४) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी आयोगमा दर्ता भएका दलको तर्फबाट यस दफा बमोजिम निवेदन दिँदा त्यस्ता सबै दलको केन्द्रीय समितिले संयुक्त वा अलग-अलग रुपमा निर्णय गरी एउटै व्यक्तिलाई अधिकार दिएकोमा त्यस्तो अधिकार प्राप्त व्यक्तिले र त्यस्ता दलहरूले अलग-अलग व्यक्तिलाई अधिकार दिएकोमा त्यस्तो अधिकारप्राप्त व्यक्तिहरूले संयुक्त रुपमा हस्ताक्षर गरी निवेदन दिनु पर्नेछ ।

८. सूची प्रकाशन गर्ने : निर्वाचन कार्यक्रम बमोजिम निवेदन दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले दफा ७ बमोजिम निवेदन दिएका दलको सूची अनुसूची-८ बमोजिम तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

९. नाम फिर्ता लिन सक्ने : (१) दफा ८ बमोजिमको सूचीमा नाम समावेश भएको कुनै दलले सो सूचीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा सोको लागि दलको केन्द्रीय समितिको निर्णय सहित निर्वाचन कार्यक्रममा उल्लिखित मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष अनुसूची-९ बमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले त्यस्तो निवेदन अनुसूची-१० बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-११ बमोजिमको भरपाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन दर्ता गरेपछि त्यस्तो निवेदन फिर्ता गर्न वा बदर गर्न पाइने छैन ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको निवेदनको सत्यतामा निर्वाचन अधिकृत विश्वस्त भएमा त्यस्तो दलको नाम दफा ८ बमोजिमको सूचीबाट हटाई अनुसूची-१२ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०. अन्तिम सूची प्रकाशन गर्ने : निर्वाचन कार्यक्रममा उल्लेख भए बमोजिम निवेदन फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दलहरूको अन्तिम सूची अनुसूची-१३ बमोजिम तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

११. निर्वाचन चिन्ह : आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दललाई निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्तो दल निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता हुँदा प्रदान गरिएको निर्वाचन चिन्ह नै प्रदान गरिनेछ ।

१२. निर्वाचनमा भाग लिन नपाउने : दफा ७ बमोजिम निवेदन नदिएको वा दफा ९ बमोजिम नाम फिर्ता लिएको दलले सम्बन्धित प्रदेशमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन पाउने छैन ।

## परिच्छेद-४

## उम्मेदवारको बन्दसूची पेश गर्ने सम्बन्धी व्यवस्था

१३. उम्मेदवारको बन्दसूची पेश गर्नु पर्ने : (१) दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवार मनोनयन गर्दा उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिको नाम समावेश गरी प्रत्येक प्रदेशको लागि अनुसूची-१४ बमोजिम उम्मेदवारको बन्दसूची अलग अलग तयार गरी निर्वाचन कार्यक्रममा तोकिएको समयावधि भित्र निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उम्मेदवारको बन्दसूची पेश गर्दा सम्बन्धित प्रदेशको लागि समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्धारित कूल सदस्य सङ्ख्या भन्दा बढी र त्यस्तो सङ्ख्याको दश प्रतिशत भन्दा कम नहुने गरी देहाय बमोजिमको सङ्ख्यामा उम्मेदवारको नाम सूचीकृत गर्नु पर्नेछ :-

| क.सं. | प्रदेशको नाम | बन्दसूचीमा सूचीकृत गर्नु पर्ने उम्मेदवारको |
|---|---|---|

| | | अधिकतम सङ्ख्या | न्यूनतम सङ्ख्या |
|---|---|---|---|
| १ | प्रदेश नम्बर १ | ३७ | ४ |
| २ | प्रदेश नम्बर २ | ४३ | ५ |
| ३ | प्रदेश नम्बर ३ | ४४ | ५ |
| ४ | प्रदेश नम्बर ४ | २४ | ३ |
| ५ | प्रदेश नम्बर ५ | ३५ | ४ |
| ६ | प्रदेश नम्बर ६ | १६ | २ |
| ७ | प्रदेश नम्बर ७ | २१ | ३ |

(३) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्दा दलले देहाय बमोजिम समावेशी सिद्धान्त अनुसार तयार गर्नु पर्नेछ :-

(क) दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम तथा अल्पसङ्ख्यक समुदाय र पिछडिएको क्षेत्रको जनसङ्ख्याको प्रतिशतको आधारमा ±यथासम्भव अनुसूची-१५ बमोजिम प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम समावेश गर्नु पर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचीमा प्रत्येक समावेशी समूहबाट कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्ने, यसरी पचास प्रतिशत सीट सङ्ख्या निर्धारण गर्दा नाम समावेश गर्नु पर्ने महिलाको सङ्ख्या दशमलबमा आएमा सोभन्दा माथिको पूर्ण सङ्ख्यामा नाम समावेश गर्नुपर्ने,

उदाहरणार्थ : कुनै समावेशी समूहमा प्रतिनिधित्व गराउनु पर्ने महिलाको सङ्ख्या निर्धारण गर्दा छ दशमलब पाँच सङ्ख्या आएमा सात जना महिलाको नाम समावेश गर्नु पर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम उम्मेदवारको नाम सूचीकृत गर्दा अपाङ्गता भएका व्यक्तिको नाम समेत समावेश गर्नु पर्ने ।

(४) उपदफा (३) बमोजिम उम्मेदवारको बन्दसूचीमा नाम समावेश गर्ने उम्मेदवार मध्ये विभिन्न समावेशी समूहबाट प्रतिनिधित्व गराउनु पर्ने सङ्ख्या निर्धारण गर्दा सम्बन्धित समावेशी

± पहिलो संशोधनद्वारा थप

समूहका लागि छुट्याइएको प्रतिशतको आधारमा दफा ३२ बमोजिमको मतपरिणाम विभाजक सुत्रको आधारमा निर्धारण गरिनेछ ।

®(५) उम्मेदवारको बन्दसूची पेश गर्दा विभिन्न प्रदेश अन्तर्गत समावेश गर्नुपर्ने समावेशी समूहका उम्मेदवारको सङ्ख्या अनुसूची-१६ बमोजिम हुनेछ । दलले उम्मेदवारको बन्दसूची पेश गर्दा यथासम्भव सो अनुसूची बमोजिमको सङ्ख्यामा समावेशी समूहका उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

(६) उम्मेदवारको बन्दसूची पेश गर्दा दलको केन्द्रीय समितिले स्वीकृत गरी सो निर्णयको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(७) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी आयोगमा दर्ता भएका दलको तर्फबाट उपदफा (६) बमोजिम उम्मेदवारको बन्दसूची स्वीकृत गर्दा त्यस्ता सबै दलको केन्द्रीय समितिले संयुक्त वा अलग-अलग रुपमा निर्णय गरी स्वीकृत गर्नु पर्नेछ ।

(८) दलले उम्मेदवारको बन्दसूची पेश गर्दा सो सूचीमा रहेका प्रत्येक उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि तथा मतदाता नामावलीमा नाम समावेश भएको अनुसूची-१७ बमोजिमको निस्सा समेत संलग्न गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "मतदाता परिचयपत्र" भन्नाले आयोगले संवत् २०७४ सालमा जारी गरेको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(९) दलले यस दफा बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्दा त्यस्तो बन्दसूचीमा नाम समावेश भएको अपाङ्गता भएको व्यक्तिको हकमा नेपाल सरकारको सम्बन्धित निकायले उपलब्ध गराएको अपाङ्गताको परिचयपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(१०) उम्मेदवारको बन्दसूची पेश गर्दा सम्बन्धित व्यक्तिले उम्मेदवार हुन मञ्जुर गरेको अनुसूची-१८ बमोजिमको मञ्जुरीनामा समेत पेश गर्नु पर्नेछ ।

(११) उम्मेदवारको बन्दसूची पेश गर्दा दलको केन्द्रीय समितिले अधिकार दिएको त्यस्तो समितिको पदाधिकारीले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

(१२) एकल चुनाव चिन्ह लिई निर्वाचनमा सहभागी हुने गरी आयोगमा दर्ता भएका दलको तर्फबाट यस दफा बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्दा त्यस्ता सबै दलको केन्द्रीय समितिले संयुक्त वा अलग-अलग रुपमा निर्णय गरी एउटै व्यक्तिलाई अधिकार दिएकोमा त्यस्तो अधिकार प्राप्त व्यक्तिले र त्यस्ता दलहरूले अलग-अलग व्यक्तिलाई अधिकार दिएकोमा त्यस्तो अधिकारप्राप्त व्यक्तिहरूले संयुक्त रुपमा सहीछाप गरी निवेदन दिनु पर्नेछ ।

® पहिलो संशोधनद्वारा संशोधित

(१३) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलको तर्फबाट उम्मेदवारको बन्दसूची पेश गर्दा सम्बन्धित उम्मेदवार कुन दलसँग सम्बन्धित हो सो समेत खुलाउनु पर्नेछ ।

(१४) उम्मेदवारको बन्दसूची पेश गर्दा दफा ३९ बमोजिमको धरौटी वापतको रकम सो दफा बमोजिमको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा आयोगमा सो रकम नगद धरौटी राखेको नगदी रसिद संलग्न गर्नु पर्नेछ ।

(१५) दलले पेश गर्ने उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको अल्पसङ्ख्यक समूदायका उम्मेदवार, पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गर्ने उम्मेदवार तथा अपाङ्गता भएको उम्मेदवारले सम्बन्धित समावेशी समूह तथा अल्पसङ्ख्यक समुदाय, पिछडिएको क्षेत्र वा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व गर्नेछ ।

१४. उम्मेदवारको योग्यता : निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :–

(क) नेपालको नागरिक,

®(ख) सम्बन्धित प्रदेशभित्रको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,

(ग) पच्चीस वर्ष उमेर पूरा भएको,

(घ) कुनै सङ्घीय कानूनले अयोग्य नभएको, र

(ङ) कुनै लाभको पदमा बहाल नरहेको ।

स्पष्टीकरण : खण्ड (ङ) को प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

१५. उम्मेदवारको अयोग्यता : देहायका व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिने छन् :-

(क) दफा १४ बमोजिमको योग्यता नभएको,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

® पहिलो संशोधनद्वारा संशोधित

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(च) जातीय भेदभाव तथा छुवाछूत, बोक्सा बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(छ) खण्ड (घ) र (ङ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(झ) कैदमा बसेकोमा कैद बसेको अवधिभर,

(ञ) मानसिक सन्तुलन ठीक नभएको,

(ट) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

१६. उम्मेदवारको उमेरको गणना : समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिको उमेर गणना गर्दा उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्ममा त्यस्तो उम्मेदवारले पच्चीस वर्ष उमेर पूरा गरेको हुनु पर्नेछ ।

१७. उम्मेदवारको बन्दसूची दर्ता गर्ने : (१) उम्मेदवारको बन्दसूचीमा दफा १३ को उपदफा (११) बमोजिमको पदाधिकारीले सहीछाप गरी निज आफैंले वा निजले अधिकार दिएको व्यक्तिले निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको उम्मेदवारको बन्दसूची जाँच गर्दा रीत पुगेको देखिएको उम्मेदवारको बन्दसूची निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले अनुसूची-१९ बमोजिमको दर्ता किताबमा दर्ता गरी सम्बन्धित दललाई अनुसूची-२० बमोजिम सूचना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएको उम्मेदवारको बन्दसूची दर्ता गर्नुअघि निर्वाचन अधिकृतले उम्मेदवारको मञ्जुरी नभएको, बन्दसूची साथ पेश गर्नुपर्ने अन्य कागजात पेश नभएको वा अन्य रीत नपुगेको बन्दसूची पेश गर्न ल्याएमा रीत नपुगेको जति कुरा सच्याउन लगाई त्यस्तो बन्दसूची दर्ता गर्नु पर्नेछ । कसैले यसरी रीत नपुगेका कुरा नसच्याई बन्दसूची दर्ता

गर्न चाहेमा निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम दललाई दिइने सूचनामा उम्मेदवारको बन्दसूचीमा रीत नपुगेको व्यहोरा समेत खुलाउनु पर्नेछ ।

१८. उम्मेदवारको बन्दसूची जाँच गर्ने : (१) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा उल्लेख भएको मिति, समय र स्थानमा उम्मेदवारको बन्दसूचीको जाँच गर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची जाँच गर्दा त्यस्तो बन्दसूची पेश गर्ने दलको प्रतिनिधिको उपस्थितिमा गर्नु पर्नेछ ।

तर उम्मेदवारको बन्दसूची जाँच गर्ने समयमा त्यस्तो दलको प्रतिनिधि उपस्थित नभएमा पनि सो सूची जाँच गर्न बाधा पुगेको मानिने छैन ।

(३) निर्वाचन अधिकृतले दलले पेश गरेको उम्मेदवारको बन्दसूची देहाय बमोजिम जाँचबुझ गर्नु पर्नेछ :-

(क) उम्मेदवारको नाम मतदाता नामावलीमा समावेश भए, नभएको,

(ख) उम्मेदवारको नाम सूचीकृत गर्दा संविधान, ऐन तथा नियमावली बमोजिम समावेशी तथा समानुपातिक प्रतिनिधित्व हुने गरी गरे, नगरेको,

(ग) उम्मेदवारको बन्दसूची दफा १३ बमोजिम भए, नभएको,

(घ) उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारको नाम दोहरिए वा नदोहरिएको,

(ङ) उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारको दफा १४ बमोजिमको योग्यता भए, नभएको,

(च) दफा ३९ बमोजिमको धरौटी राखेको निस्सा उम्मेदवारको बन्दसूची साथ संलग्न भए, नभएको,

(छ) उम्मेदवारको नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रतिलिपि संलग्न भए, नभएको,

(ज) उम्मेदवारको नाम मतदाता नामावलीमा समावेश भएको निस्सा संलग्न भए नभएको ।

१९. उम्मेदवारको बन्दसूची सच्याउन दललाई सूचित गर्ने : निर्वाचन अधिकृतले दफा १८ बमोजिम उम्मेदवारको बन्दसूची जाँचबुझ गर्दा समानुपातिक प्रतिनिधित्व र समावेशी सिद्धान्तका आधारमा तयार भए नभएको वा अन्य रीत पुगे नपुगेको यकिन गरी त्यस्तो रीत पुगेको नपाइएमा सम्बन्धित दललाई सो सूची सच्याउन अनुसूची-२१ बमोजिम सूचित गर्नु पर्नेछ ।

२०. दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्नुपर्ने : (१) निर्वाचन अधिकृतले दफा १९ बमोजिम उम्मेदवारको बन्दसूची सच्याउन सूचित गरेपछि सम्बन्धित दलले त्यस्तो बन्दसूची संशोधन गरी दलको केन्द्रीय समितिको निर्णयबाट स्वीकृत गराई दफा १९ बमोजिम तोकिएको समयावधिभित्र निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी आयोगमा दर्ता भएका दलको तर्फबाट उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची संशोधन गर्दा त्यस्ता सबै दलको केन्द्रीय समितिले संयुक्त वा अलग-अलग रुपमा निर्णय गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्दा कुनै उम्मेदवारको नाम हेरफेर गरी अर्को उम्मेदवारको नाम समावेश गर्नु पर्ने भएमा त्यसरी थप गरिने उम्मेदवारको नाम बन्दसूचीको अन्तिम क्रममा समावेश हुने गरी पेश गर्नु पर्नेछ ।

उदाहरणार्थ :

(१) कुनै दलले प्रदेश नं. ३ को लागि चौवालीस जनाको नाम समावेश गरी उम्मेदवारको बन्दसूची पेश गरेकोमा त्यस्तो बन्दसूची जाँच गर्दा खस आर्य समूहबाट दुई जना महिलाको सङ्ख्या कम भएमा त्यस्तो बन्दसूची संशोधन गर्दा दलले क्रमसङ्ख्या १२ र १३ का खस आर्य पुरुषको नाम हटाई महिलाको नाम समावेश गर्न चाहेमा क्रमसङ्ख्या १२ र १३ रिक्त रही थपिने महिलाको नाम क्रमसङ्ख्या ४५ र ४६ मा कायम हुनेछ ।

(२) कुनै दलले प्रदेश नं. ३ मा सोह्र जना खस आर्यको नाम समावेश गर्नु पर्नेमा पन्ध्र जनाको नाम, तेईस जना आदिवासी जनजातिको नाम समावेश गर्नु पर्नेमा बाइस जनाको नाम र तीन जना दलितको नाम समावेश गर्नु पर्नेमा पाँच जनाको नाम समावेश गरेको रहेछ भने त्यस्तो बन्दसूची संशोधन गर्दा दलले क्रमसङ्ख्या ७ र ११ मा रहेका दलित उम्मेदवारको नाम हटाई खस आर्य र आदिवासी जनजातिको नाम समावेश गर्न चाहेमा क्रमसङ्ख्या ७ र ११ रिक्त रही थपिने उम्मेदवारको नाम क्रमसङ्ख्या ४५ र ४६ मा कायम हुनेछ ।

(४) यस दफा बमोजिम दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश नगरेमा त्यस्तो बन्दसूची आयोगले खारेज गर्नेछ ।

±(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दलले कुनै समावेशी समूहबाट तोकिएको सङ्ख्यामा उम्मेदवारको नाम समावेश गर्न नसकेको मनासिब कारण पेश गरेमा

± पहिलो संशोधनद्वारा थप

आयोगले सो सङ्ख्या बमोजिम कुनै समावेशी समूहको उम्मेदवारको नाम समावेश नभएको सूचीलाई समेत मान्यता दिन सक्नेछ ।

तर त्यस्तो दलको तर्फबाट पेश हुने उम्मेदवारको बन्दसूचीमा प्रत्येक समावेशी समूहबाट कम्तीमा पचास प्रतिशत महिला उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

२१. उम्मेदवारले नाम फिर्ता लिन सक्ने : (१) उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले निर्वाचन कार्यक्रममा तोकिएको समयावधिभित्र आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन अधिकृत समक्ष अनुसूची-२२ बमोजिम निवेदन दिनु पर्नेछ । यसरी दिएको निवेदन पछि फिर्ता लिन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिन निवेदन परेमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई सोको जानकारी अनुसूची-२३ बमोजिम सम्बन्धित दललाई दिनु पर्नेछ ।

२२. दलले नामावली पेश गर्ने : (१) दफा २१ बमोजिम कुनै उम्मेदवारले नाम फिर्ता लिएको जानकारी प्राप्त भएपछि निर्वाचन कार्यक्रममा तोकिएको समयावधिभित्र त्यस्तो दलले केन्द्रीय समितिको निर्णयबाट स्वीकृत गराई अर्को उम्मेदवार मनोनयन गरी पठाउनु पर्नेछ ।

(२) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी आयोगमा दर्ता भएका दलको तर्फबाट उपदफा (१) बमोजिम निर्णय गर्दा सबै दलको केन्द्रीय समितिले संयुक्त वा अलग-अलग रुपमा निर्णय गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दलले अर्को उम्मेदवार मनोनयन गरी पठाउँदा जुन समावेशी समूहको उम्मेदवारले नाम फिर्ता लिएको हो सोही समूहको उम्मेदवार मनोनयन गरी पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम दलले अर्को उम्मेदवार मनोनयन गरी पठाउँदा नाम फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीको जुन क्रममा रहेको थियो सोही क्रममा वा त्यस्तो बन्दसूचीको अन्तिम क्रममा समावेश गर्नु पर्नेछ ।

उदाहरणार्थ : कुनै दलले प्रदेश नं. ३ मा चौवालीस जना उम्मेदवारको नाम समावेश गरी पेश गरेको उम्मेदवारको बन्दसूचीको १८ नं. मा नाम समावेश भएको खस आर्य पुरुषले नाम फिर्ता लिएमा दलले अर्को उम्मेदवार मनोनयन गरी पठाउँदा १८ नं. मा नै रहने गरी वा अन्तिम क्रममा रहने गरी नाम समावेश गर्नु पर्नेछ । यसरी नाम समावेश गर्दा अन्तिम क्रममा रहने गरी समावेश गरेमा क्रमसङ्ख्या १८ रिक्त रही त्यसरी नाम समावेश गरिएको उम्मेदवारको क्रमसङ्ख्या ४५ कायम हुनेछ ।

२३. समूहको यकिन : कुनै दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारको समावेशी समूहको सम्बन्धमा अस्पष्टता भएमा सो दलसँग सो समूहको पहिचानका सम्बन्धमा निर्वाचन अधिकृतले लिखित रुपमा जानकारी माग गरी त्यस्तो दलले दिएको जानकारीलाई समेत विचार गरी समूहको यकिन गर्नेछ ।

२४. उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने : (१) संशोधन गर्नुपर्ने अवस्था नरहेको वा दलले म्यादभित्र संशोधन गरी पेश गरेको उम्मेदवारको बन्दसूची निर्वाचन अधिकृतले सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको बन्दसूची सार्वजनिक गर्दा निर्वाचन अधिकृतले उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान वा ऐन बमोजिमको योग्यता नपुगेको वा उम्मेदवार हुन अयोग्य भएको भए सो सम्बन्धमा सात दिनभित्र दाबी विरोधमा उजूरी गर्न सकिने सम्बन्धमा अनुसूची-२४ बमोजिमको सूचना प्रकाशन गरी अनुसूची-२५ बमोजिमको मुचुल्का गराई राख्नु पर्नेछ ।

२५. दाबी विरोधमा उजूरी गर्न सक्ने : (१) दफा २४ को उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको संविधान तथा ऐन बमोजिम योग्यता नपुगेको वा अयोग्य भएको भनी सम्बन्धित प्रदेशको कुनै मतदाताले निर्वाचन कार्यक्रममा तोकिएको मिति, समय र स्थानमा अनुसूची-२६ बमोजिम दाबी विरोधको उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी विरोधको उजूर प्राप्त हुन आएमा निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले सो उजूरी अनुसूची-२७ बमोजिमको दर्ता किताबमा दर्ता गरी त्यस्तो उजूरी गर्ने व्यक्तिलाई अनुसूची-२८ बमोजिमको भरपाई दिनु पर्नेछ ।

(३) दाबी विरोधको उजूरी गर्न तोकिएको म्याद समाप्त भएपछि निर्वाचन अधिकृतले दाबी विरोध सम्बन्धी उजूरी दर्ताको विवरण सम्बन्धी सूचना अनुसूची-२९ बमोजिम प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना प्रकाशन गर्दा सम्बन्धित दललाई त्यस्तो दाबी विरोध उपर आफ्नो भनाई पेश गर्न मौका दिनु पर्नेछ ।

२६. दाबी विरोध उपर जाँचबुझ र निर्णय गर्ने : (१) दफा २५ बमोजिम कुनै उम्मेदवारको योग्यता सम्बन्धमा दाबी विरोधको निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिको संविधान र ऐन बमोजिम योग्यता पुगेको नदेखिएमा निर्वाचन अधिकृतले सोही व्यहोरा जनाई त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई सोको जानकारी अनुसूची-३० बमोजिम सम्बन्धित दललाई दिनु पर्नेछ ।

तर सानोतिनो भुलचुकको कारणले मात्र उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाइने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सानोतिनो भुलचुक" भन्नाले उम्मेदवार वा निजसँग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतन मतदाता नम्बर वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिम उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाइएको सूचना निर्वाचन अधिकृतले अनुसूची-३१ बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

२७. उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्ने : (१) दफा २५ बमोजिम दाबी विरोध गर्ने समय समाप्त भएपछि कुनै उम्मेदवारको सम्बन्धमा दाबी विरोध परेकोमा सो विषयमा आवश्यक जाँचबुझ र निर्णय समेत गरी निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा तोकिएको मिति, समय र स्थानमा उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्दा दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा रहेको क्रमसमेत खुलाई सम्बन्धित समावेशी समूहका उम्मेदवारको नाम क्रमबद्ध रुपमा प्रकाशन गरिनेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम प्रकाशित उम्मेदवारको बन्दसूची प्रमाणित गरी सम्बन्धित दललाई पठाउनु पर्नेछ ।

२८. उम्मेदवारको बन्दसूची मान्य हुने : (१) दफा २६ बमोजिम दाबी विरोध उपर निर्णय गरी कुनै उम्मेदवारको नाम हटाइएको कारणबाट उम्मेदवारको बन्दसूचीमा कायम हुने उम्मेदवारको सङ्ख्या उम्मेदवारी दिनुपर्ने न्यूनतम सङ्ख्या वा कुनै समावेशी समूहमा कायम हुनुपर्ने सङ्ख्या भन्दा कम भएमा समेत त्यस्तो बन्दसूची मान्य हुनेछ ।

(२) दफा २७ बमोजिम प्रकाशित उम्मेदवारको बन्दसूची प्रदेश सभाको सो कार्यकाल भर मान्य हुनेछ ।

तर प्रदेश सभा गठन भई सकेपछि सम्बन्धित दलले कुनै उम्मेदवारको नाम हटाउन लेखी पठाएमा आयोगले बन्दसूचीबाट त्यस्तो उम्मेदवारको नाम हटाउन सक्नेछ ।

२९. उम्मेदवारको मृत्यु भएमा अर्को उम्मेदवार मनोनयन गर्ने : (१) उम्मेदवारको बन्दसूची पेश भएको तर निर्वाचन सम्पन्न भई नसकेको अवस्थामा कुनै उम्मेदवारको मृत्यु भएमा दलले त्यस्तो बन्दसूचीमा अर्को उम्मेदवारको नाम समावेश गरी उम्मेदवार मनोनयन गर्नु पर्नेछ । यसरी उम्मेदवार मनोनयन गर्दा मृत्यु भएको उम्मेदवार जुन समावेशी आधारमा मनोनयन गरिएको हो सोही समावेशी आधारमा अर्को उम्मेदवार मनोनयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दलले उम्मेदवार मनोनयन गरी पठाउँदा मृत्यु भएको उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीको जुन क्रममा रहेको थियो सोही क्रममा वा त्यस्तो बन्दसूचीको अन्तिम क्रममा समावेश गर्नु पर्नेछ ।

उदाहरणार्थ : कुनै दलले प्रदेश नं. ३ मा चौवालीस जना उम्मेदवारको नाम समावेश गरी पेश गरेको उम्मेदवारको बन्दसूचीको १८ नं.मा नाम समावेश भएको खस आर्य पुरुषको मृत्यु भएमा दलले अर्को उम्मेदवार मनोनयन गरी पठाउँदा १८ नं. मा नै रहने गरी वा अन्तिम क्रममा रहने गरी नाम समावेश गर्नु पर्नेछ । यसरी नाम समावेश गर्दा अन्तिम क्रममा रहने गरी समावेश गरेमा क्रमसङ्ख्या १८ रिक्त रही त्यसरी नाम समावेश गरिएको उम्मेदवारको क्रमसङ्ख्या ४५ कायम हुनेछ ।

३०. निर्वाचन कार्यक्रम स्थगित नहुने : उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको कुनै उम्मेदवारको मृत्यु भएको कारण निर्वाचन कार्यक्रम स्थगित हुने छैन ।

## परिच्छेद-५

## उम्मेदवारको छनौट प्रक्रिया

३१. सीटको बाँडफाँड गर्ने : (१) नियमावलीको नियम ३९ को उपनियम (७) बमोजिम सम्बन्धित प्रदेश अन्तर्गतका सबै निर्वाचन क्षेत्रबाट समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना तालिका प्राप्त भएपछि निर्वाचन अधिकृतले दलले सो प्रदेशमा प्राप्त गरेको सदर मत जोडी त्यस्तो दलले प्राप्त गरेको कुल मत सङ्ख्या यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दलले प्राप्त गरेको कुल मतको आधारमा निर्वाचन अधिकृतले ऐनको दफा ६० को अधीनमा रही दफा ३२ बमोजिमको मत परिणाम विभाजक सूत्रको आधारमा दलले प्राप्त गर्ने सीट सङ्ख्या निर्धारण गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दलले प्राप्त गर्ने सीट सङ्ख्या निर्धारण गर्दा त्यस्तो दलले प्राप्त गरेको सीट सङ्ख्याको आधारमा महिला तथा अन्य समावेशी समूह एवं अल्पसङ्ख्यक समुदाय तथा पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गराउनु पर्ने सङ्ख्या समेत निर्धारण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दलले प्राप्त गरेको सीट सङ्ख्यामध्ये विभिन्न समावेशी समूहबाट प्रतिनिधित्व गराउनुपर्ने सङ्ख्या निर्धारण गर्दा दफा १३ को उपदफा (३) को खण्ड (क) मा उल्लिखित सम्बन्धित समूहका लागि छुट्याइएको प्रतिशतको आधारमा दफा ३२ बमोजिमको मतपरिणाम विभाजक सुत्रको आधारमा निर्धारण गरिनेछ ।

(५) उपदफा (३) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट प्रतिनिधित्व गराउनु पर्ने महिलाको सङ्ख्या निर्धारण गर्दा त्यस्तो दलको तर्फबाट सम्बन्धित प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फबाट

प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको कम्तीमा तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(६) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा सम्बन्धित प्रदेशमा दलले प्राप्त गरेको सिट सङ्ख्याको आधारमा प्रतिनिधित्व गराउनु पर्ने विभिन्न समावेशी समूहका उम्मेदवारको सङ्ख्या अनुसूची-१६ बमोजिम हुनेछ ।

±(६क) उपदफा (४) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दलले उम्मेदवारको बन्दसूची पेश गर्दा दफा १३ को उपदफा (३) को खण्ड (क) बमोजिमको सङ्ख्यामा समावेशी समूहका उम्मेदवारको नाम समावेश नगरेकोमा त्यस्तो दलले नाम समावेश गरेका विभिन्न समावेशी समूहका उम्मेदवारको सङ्ख्याको अनुपातमा दफा ३२ बमोजिमको मतपरिणाम विभाजक सुत्रको आधारमा समावेशी समूहबाट प्रतिनिधित्व गराउनु पर्ने सङ्ख्या निर्धारण गरिनेछ ।

उदाहरणार्थ : प्रदेश नं. १ मा ३७ जना उम्मेदवारको नाम समावेश गरी उम्मेदवारको बन्दसूची पेश गर्ने दलले अनुसूची-१६ बमोजिम आदिवासी जनजाति समूहबाट १७ जना, खस आर्य समूहबाट १० जना, थारु समूहबाट २ जना, दलित समूहबाट ४ जना, मधेशी समूहबाट ३ जना, मुस्लिम समूहबाट १ जना र अल्पसङ्ख्यक समूहबाट ६ जनाको नाम समावेश गर्नु पर्नेमा कुनै दलले आदिवासी जनजाति समूहबाट १५ जना, खस आर्य समूहबाट १२ जना, दलित समूहबाट ८ जना, मधेशी समूहबाट २ जना र अल्पसङ्ख्यक समूहबाट ३ जनाको नाम समावेश गरेको रहेछ र त्यस्तो दलले १० सीट प्राप्त गरेछ भने उम्मेदवारको बन्दसूचीमा समावेश भएको विभिन्न समावेशी समूहका उम्मेदवारको सङ्ख्याको आधारमा दफा ३२ बमोजिमको मत परिणाम विभाजक सुत्र बमोजिम गणना गर्दा त्यस्तो दलले छनौट गर्नु पर्ने उम्मेदवारको सङ्ख्या आदिवासी जनजाति समूहबाट ४ जना, खस आर्य समूहबाट ३ जना, दलित समूहबाट २ जना, मधेशी समूहबाट १ जना र अल्पसङ्ख्यक समूहबाट १ जना कायम हुनेछ ।

(७) यस दफा बमोजिम निर्धारण गरिएको सम्बन्धित दलले प्राप्त गर्ने सिट सङ्ख्या र विभिन्न समावेशी समूहबाट प्रतिनिधित्व गराउनु पर्ने सङ्ख्या आयोगले स्वीकृत गर्नेछ ।

३२. मत परिणाम विभाजक सूत्र : (१) निर्वाचनमा प्रत्येक दलले प्राप्त गरेको मत परिणामलाई क्रमशः १, ३, ५, ७, ९ आदि (कुल उम्मेदवार सङ्ख्या अनुसारको हुने) भाजकहरूले भाग गरिनेछ । त्यसरी भाग गरी प्राप्त हुने नतिजालाई भागफल (क्योसेन्ट) भनिनेछ ।

(२) उपदफा (१) बमोजिम मत परिणामलाई भाग गरी प्राप्त हुने भागफल सङ्ख्यालाई क्रमशः ठूलो भागफलबाट सानो भागफलसम्म बाँडफाँड गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सीट वितरण गर्ने प्रयोजनको लागि भागफलको बाँडफाँड गर्दा अन्तिम सिटको भागफल बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

(४) उपदफा (३) बमोजिम गोला प्रथाद्वारा वितरण गरिने सीटको निर्धारण गर्दा सो सिटको सन्दर्भमा बराबर भागफल रहेका दलका प्रतिनिधिहरूलाई रोहवरमा राखी गर्नु पर्नेछ ।

---

± पहिलो संशोधनद्वारा थप

तर आयोगले तोकेको मिति, समय र स्थानमा त्यस्तो दलका प्रतिनिधिहरू उपस्थित नभएको कारणले गोला प्रथाद्वारा निर्णय गर्न कुनै बाधा पर्ने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा दलहरूले प्राप्त गरेको कुल सदर मतको एक दशमलव पाँच प्रतिशत वा सो सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुनेछ ।

(६) यस दफा बमोजिम दलहरूले प्राप्त गरेको कूल सदर मत गणना गर्दा एक दलमलब पाँच प्रतिशत भन्दा कम मत प्राप्त गर्ने दलले प्राप्त गरेको मत दलले प्राप्त गरेको कूल मतमा गणना गरिने  छैन ।

३३. दललाई जानकारी दिनु पर्ने : (१) दफा ३१ बमोजिम दलले प्राप्त गर्ने सीट सङ्ख्या र विभिन्न समावेशी समूहबाट प्रतिनिधित्व गराउनु पर्ने सङ्ख्या बमोजिम उम्मेदवार छनौट गरी पठाउन निर्वाचन अधिकृतले अवधि तोकी सम्बन्धित दललाई जानकारी गराउनु पर्नेछ ।

(२) प्रत्येक दलले मत परिणामको आधारमा प्राप्त गरेको सीट सङ्ख्या सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

३४. उम्मेदवार छनौट गर्ने : (१) दफा ३३ बमोजिमको जानकारी प्राप्त भएपछि दलले दफा २७ बमोजिम उम्मेदवारको अन्तिम बन्दसूचीमा नाम समावेश भएका उम्मेदवार मध्येबाट दफा ३१ बमोजिम समावेशी समूहको प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम छनौट गरी दलको केन्द्रीय समितिको निर्णयबाट स्वीकृत गराई सात दिनभित्र अनुसूची-३२ बमोजिम निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी आयोगमा दर्ता भएका दलको तर्फबाट उपदफा (१) बमोजिम निर्णय गर्दा सबै दलको केन्द्रीय समितिले संयुक्त वा अलग-अलग रुपमा निर्णय गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै समावेशी समूहको उम्मेदवारको नाम छनौट गर्दा त्यस्तो समावेशी समूहको माथिल्लो क्रममा भएको उम्मेदवारको नाम छनौट नगरी तल्लो क्रममा भएको उम्मेदवारको नाम छनौट गर्न पाइने छैन ।

(४) यस दफा बमोजिम दलले उम्मेदवार छनौट गरी पठाउँदा यथासम्भव अपाङ्गता भएको व्यक्तिको प्रतिनिधित्व हुने गरी पठाउनु पर्नेछ ।

३५. छनौट गरिएको सूचीको पुनरावलोकन : (१) दलले दफा ३४ बमोजिम उम्मेदवार छनौट गरिएको सूची पेश गर्दा दफा ३१ बमोजिम महिला तथा अन्य समावेशी समूहको प्रतिनिधित्व नभएमा निर्वाचन अधिकृतले सम्बन्धित दललाई नामावली सच्याई सो बमोजिम प्रतिनिधित्व हुने गरी उम्मेदवारको छनौट गरी तीन दिनभित्र पेश गर्न लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले लेखी पठाएको तीन दिनभित्र सम्बन्धित दलले केन्द्रीय समितिको निर्णयबाट स्वीकृत गराई संशोधित नामावलीको सूची पेश गर्नु पर्नेछ ।

(३) एकल चुनाव चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी आयोगमा दर्ता भएका दलको तर्फबाट उपदफा (२) बमोजिम निर्णय गर्दा सबै दलको केन्द्रीय समितिले संयुक्त वा अलग-अलग रुपमा निर्णय गरी स्वीकृत गर्नु पर्नेछ ।

(४) दलले उपदफा (२) बमोजिम पेश गरेको संशोधित नामावली दफा ३१ र ३४ बमोजिम ∇नभएसम्म त्यस्तो दलको तर्फबाट कुनै उम्मेदवार निर्वाचित हुने छैन ।

(५) यस दफा बमोजिम दलले प्राप्त गरेको मतको अनुपातमा प्राप्त हुने सीट भन्दा त्यस्तो दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारको सङ्ख्या कम भई सबै सीट पूर्ति हुन नसक्ने भएमा त्यस्तो सीट दफा ३२ बमोजिमको विभाजक सूत्र अपनाई बढी भागफल प्राप्त गर्ने अर्को दललाई प्रदान गरिनेछ । यसरी प्रदान गरिएको सिट प्राप्त गर्ने दलले त्यस्तो सीटमा सोही समावेशी समूहको प्रतिनिधित्व हुने गरी उम्मेदवारको छनौट गरी पठाउनु पर्नेछ ।

३६. उम्मेदवार निर्वाचित भएको घोषणा गर्ने : (१) दफा ३४ वा ३५ बमोजिम दलले छनौट गरी सूची पेश गरेका उम्मेदवारलाई सो दफाको अधीनमा रही निर्वाचन अधिकृतले निर्वाचित भएको घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचित भएको उम्मेदवारलाई निर्वाचन अधिकृतले अनुसूची-३३ बमोजिमको प्रमाणपत्र दिनेछ ।

## परिच्छेद-६
## विविध

३७. समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतदान स्थगित हुने : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचन तर्फको उम्मेदवारको मृत्यु भएको वा विशेष परिस्थिति उत्पन्न भएको कारणबाट मतदान स्थगित भएको अवस्थामा सो निर्वाचन क्षेत्रमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतदान समेत स्थगित हुनेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि निर्धारण गरिएको मतदानको दिनमा नै समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको समेत मतदान हुनेछ ।

∇ तेस्रो संशोधनद्वारा संशोधित

३८. <u>निर्वाचन प्रतिनिधिको नियुक्ति</u> : (१) दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि आफ्नो तर्फबाट आयोगमा गर्नुपर्ने सम्पूर्ण काम गर्न एकजना र प्रत्येक निर्वाचन क्षेत्रमा एक-एक जना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्ति गर्दा देहायको योग्यता पूरा भएको व्यक्तिलाई गर्नु पर्नेछ :-

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) दलले आयोगमा गर्नुपर्ने कामको लागि नियुक्त गर्ने निर्वाचन प्रतिनिधिको हकमा कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रत्येक निर्वाचन क्षेत्रमा गर्नुपर्ने कामको लागि नियुक्त गर्ने निर्वाचन प्रतिनिधिको हकमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) साधारण लेखपढ गर्न जानेको,

(ङ) ऐनको दफा १३ बमोजिम अयोग्य नभएको,

(च) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(३) उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त गर्दा दफा २४ बमोजिम उम्मेदवारको नामावली सार्वजनिक भएको मितिले सात दिनभित्र उम्मेदवारको बन्दसूची प्रमाणित गर्ने पदाधिकारीले प्रमाणित गरी अनुसूची-३४ बमोजिमको नियुक्ति पत्र दिई सोको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

♠(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै निर्वाचन क्षेत्रको लागि निर्वाचन प्रतिनिधि नियुक्त नभएको अवस्थामा समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणनाको प्रयोजनको लागि दलको जिल्लास्तरीय कार्यसमितिको प्रमुखले उपदफा (२) बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अनुसूची-३४क. बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

---

♠ दोस्रो संशोधनद्वारा थप

≥(४) उपदफा (३) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई निर्वाचन अधिकृतले तथा उपदफा (३क) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतले अनुसूची-३५ बमोजिमको परिचयपत्र दिनु पर्नेछ।

♠(४क) उपदफा (३क) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिले समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणनामा दलको तर्फबाट आफैंले प्रतिनिधित्व गर्न वा सो प्रयोजनको लागि मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(५) ≥उपदफा (३) बमोजिम दलको तर्फबाट नियुक्त भएको निर्वाचन प्रतिनिधिको दस्तखत नमूना सहितको विवरण निर्वाचन अधिकृतले मतदान हुनु भन्दा कम्तीमा सात दिन अगावै सबै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचन मिति तोकिएको अवस्थामा प्रतिनिधि सभा सदस्यको लागि निर्धारित निर्वाचन क्षेत्रको लागि निर्वाचन प्रतिनिधि नियुक्त गरेको दलले सो निर्वाचन क्षेत्र अन्तर्गत पर्ने प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रको लागि छुट्टै निर्वाचन प्रतिनिधि नियुक्त गर्ने छैन। यसरी प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि नियुक्त भएको निर्वाचन प्रतिनिधिले प्रदेश सभा सदस्यको सम्बन्धित निर्वाचन क्षेत्रको लागि समेत सम्बन्धित दलको प्रतिनिधित्व गर्नेछ।

३९. धरौटी राख्नु पर्ने : (१) निर्वाचन अधिकृत समक्ष उम्मेदवारको बन्दसूची पेश गर्ने दलले प्रत्येक प्रदेशको लागि पच्चीस हजार रुपैयाँ धरौटी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दलले उम्मेदवारको बन्दसूची पेश गर्दा आयोगमा नगद धरौटी राखेको नगदी रसिद वा देहाय बमोजिमको धरौटी खातामा रकम जम्मा गरी सोको सक्कल बैंक भौचर उम्मेदवारको बन्दसूची साथ संलग्न गरी पेश गर्नु पर्नेछ :-

(क) धरौटी खाता नम्बर : ११००२०३००००००

(ख) कार्यालय कोड नं. : २७-२१२-०२

(ग) खातावालाको नाम : कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौर, काठमाडौं

(घ) खाता रहेको बैङ्क : राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड

(ङ) जम्मा हुने कार्यालय : निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाडौं

≥ दोस्रो संशोधनद्वारा संशोधित

४०. दलले राखेको धरौटी रकम जफत हुने : समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा कुनै दलले कम्तीमा एक सीट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी रकम जफत हुनेछ।

४१. धरौटी फिर्ता दिने : दफा ४० बमोजिम धरौटी जफत हुने अवस्थामा बाहेक निर्वाचन परिणाम घोषणा भएको मितिले तीन महिनाभित्र धरौटी रकम फिर्ता माग गर्न आएमा आयोगले सम्बन्धित दललाई त्यस्तो धरौटी रकम फिर्ता दिनु पर्नेछ।

४२. फिर्ता नलिएको धरौटी रकम सङ्घीय संचित कोषमा दाखिला हुने : दफा ४० बमोजिम म्यादभित्र धरौटी रकम फिर्ता नलिएमा सो रकम सङ्घीय सञ्चित कोषमा दाखिला हुनेछ।

४३. निर्वाचन खर्चको विवरण : (१) दलले निर्वाचनमा खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(२) दलले निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण अनुसूची-३६ बमोजिम राख्नु पर्नेछ।

(३) दलले निर्वाचनमा गरेको जम्मा खर्च उपदफा (१) बमोजिम तोकिएको खर्चको रकमको हदभन्दा बढी हुनु हुँदैन।

(४) दलले निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र निर्वाचन खर्चको विवरण आयोग समक्ष पेश गर्नु पर्नेछ।

±४३क. अनुसूची हेरफेर गर्न सक्ने : आयोगले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

४४. बचाउ : यो निर्देशिका प्रारम्भ हुनु अघि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका सम्बन्धमा आयोगबाट भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

± पहिलो संशोधनद्वारा थप

अनुसूची-१

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

**अल्पसङ्ख्यक समूहको सूची**

| क.सं. | जातजाती | क.सं. | जातजाती | क.सं. | जातजाती | क.सं. | जातजाती |
|---|---|---|---|---|---|---|---|
| १ | कलवार | २६ | मारवाडी | ५१ | कोरी | ७६ | मेवाहाङ बाला |
| २ | कानु | २७ | कायस्थ | ५२ | छन्त्याल | ७७ | बाहिङ |
| ३ | कुमाल | २८ | राजपुत | ५३ | ह्योल्मो | ७८ | नटुवा |
| ४ | घर्ती/भुजेल | २९ | वादी | ५४ | बोटे | ७९ | हायु |
| ५ | हजाम/ठाकुर | ३० | झाँगड/धांगर | ५५ | राजभर | ८० | धन्कार/धरिकार |
| ६ | राजवंशी | ३१ | गनगाई | ५६ | ब्रम्हु-बरामो | ८१ | ल्होपा |
| ७ | शेर्पा | ३२ | लोध | ५७ | पंजाबी-सिख | ८२ | मुण्डा |
| ८ | धोवी | ३३ | बढई | ५८ | नाछिरिङ | ८३ | देव |
| ९ | तत्मा/तत्वा | ३४ | थामी | ५९ | याम्फु | ८४ | ढाँडी |
| १० | लोहार | ३५ | कुलुङ | ६० | गाइने | ८५ | कमर |
| ११ | खत्वे | ३६ | बंगाली | ६१ | चाम्लिङ | ८६ | किसान |
| १२ | सुढी | ३७ | गडेरी/भेडियार | ६२ | आठपहरिया | ८७ | साङपाङ |
| १३ | दनुवार | ३८ | धिमाल | ६३ | जिरेल | ८८ | कोचे |
| १४ | हलुवाइ | ३९ | याक्खा | ६४ | दुरा | ८९ | ल्होमी |
| १५ | माझी | ४० | घले | ६५ | सरवरिया | ९० | खालिङ |
| १६ | बरई | ४१ | ताजपुरिया | ६६ | मेचे | ९१ | तोप्केगोला |
| १७ | बिन | ४२ | खवास | ६७ | बान्तवा | ९२ | चिडिमार |
| १८ | नुनीया | ४३ | दराइ | ६८ | राजी | ९३ | वालुङ |
| १९ | चेपाङ/प्रजा | ४४ | माली | ६९ | डोल्पो | ९४ | लोहोरुङ |
| २० | सोनार | ४५ | धुनीया | ७० | हलखोर | ९५ | कलार |
| २१ | कम्हार | ४६ | पहरी | ७१ | व्यासी-सौका | ९६ | राउटे |
| २२ | सुनुवार | ४७ | राजधोव | ७२ | अमात | ९७ | नुराङ |
| २३ | बाँतर/सरदार | ४८ | भोटे | ७३ | थुलुङ | ९८ | कुसुन्डा |
| २४ | कहर | ४९ | डोम | ७४ | लेप्चा | | |
| २५ | सतार/सन्थाल | ५० | थकाली | ७५ | पथरकट्टा/कुशवाडिया | | |

## अनुसूची-२

(दफा २ को खण्ड (ढ) सँग सम्बन्धित)

### विभिन्न प्रदेश अन्तर्गतका पिछडिएको क्षेत्र

| क्र.सं. | प्रदेश नं. | जिल्लाको नाम | स्थानीय तह |
|---|---|---|---|
| १ | १ | संखुवासभा | भोटखोला गाउँपालिका |
| २ | १ | पाँचथर | तुम्वेवा गाउँपालिका |
| ३ | २ | सर्लाही | धनकौल गाउँपालिका |
| ४ | २ | सर्लाही | बसबरिया गाउँपालिका |
| ५ | २ | सर्लाही | विष्णु गाउँपालिका |
| ६ | २ | रौतहट | राजपुर नगरपालिका |
| ७ | ३ | सिन्धुली | हरीहरपुरगढी गाउँपालिका |
| ८ | ३ | सिन्धुली | मरिण गाउँपालिका |
| ९ | ४ | मुस्ताङ | लोमन्थाङ गाउँपालिका |
| १० | ५ | बाँके | नरैनापुर गाउँपालिका |
| ११ | ६ | डोल्पा | डोल्पो बुद्ध गाउँपालिका |
| १२ | ६ | डोल्पा | शे फोक्सुन्डो गाउँपालिका |
| १३ | ६ | डोल्पा | छार्का ताङसोङ गाउँपालिका |
| १४ | ६ | दैलेख | भैरबी गाउँपालिका |
| १५ | ६ | कालीकोट | माहाबै गाउँपालिका |
| १६ | ६ | जाजरकोट | जुनीचांदे गाउँपालिका |
| १७ | ६ | जाजरकोट | बारेकोट गाउँपालिका |
| १८ | ६ | दैलेख | चामुण्डा बिन्दासैनी नगरपालिका |
| १९ | ६ | मुगु | मुगुम कामोरोंग गाउँपालिका |
| २० | ६ | हुम्ला | सर्केगाढ गाउँपालिका |
| २१ | ६ | सल्यान | दार्मा गाउँपालिका |
| २२ | ६ | हुम्ला | चखेली गाउँपालिका |
| २३ | ६ | कालीकोट | पलाता गाउँपालिका |
| २४ | ६ | सल्यान | कुमाखमालिका गाउँपालिका |
| २५ | ६ | कालीकोट | नरहरिनाथ गाउँपालिका |
| २६ | ६ | हुम्ला | अदानचुली गाउँपालिका |

| | | | |
|---|---|---|---|
| २७ | ६ | दैलेख | आठबिस नगरपालिका |
| २८ | ६ | दैलेख | ठांटीकाँध गाउँपालिका |
| २९ | ६ | हुम्ला | ताजाकोट गाउँपालिका |
| ३० | ६ | जाजरकोट | कुसे गाउँपालिका |
| ३१ | ६ | सुर्खेत | चौकुने गाउँपालिका |
| ३२ | ६ | जाजरकोट | शिवालय गाउँपालिका |
| ३३ | ६ | सल्यान | वनगाड कुपिन्डे नगरपालिका |
| ३४ | ६ | जाजरकोट | छेडागाड नगरपालिका |
| ३५ | ६ | दैलेख | दुल्लु नगरपालिका |
| ३६ | ६ | रुकुम | पुथा उत्तरगंगा गाउँपालिका |
| ३७ | ६ | सुर्खेत | बराहताल गाउँपालिका |
| ३८ | ६ | सल्यान | कालिमाटी गाउँपालिका |
| ३९ | ६ | डोल्पा | मुड्केचुला गाउँपालिका |
| ४० | ६ | कालिकोट | कालिका गाउँपालिका |
| ४१ | ७ | बझाङ्ग | कांडा गाउँपालिका |
| ४२ | ७ | अछाम | कमलबजार नगरपालिका |
| ४३ | ७ | अछाम | ढकारी गाउँपालिका |
| ४४ | ७ | बझाङ्ग | बित्थड्चिर गाउँपालिका |
| ४५ | ७ | बाजुरा | हिमाली गाउँपालिका |
| ४६ | ७ | अछाम | तुर्माखाद गाउँपालिका |
| ४७ | ७ | बझाङ्ग | सुर्मा गाउँपालिका |
| ४८ | ७ | बझाङ्ग | केदारस्युं गाउँपालिका |
| ४९ | ७ | कैलाली | मोहन्याल गाउँपालिका |
| ५० | ७ | बझाङ्ग | बुंगल नगरपालिका |
| ५१ | ७ | बैतडी | शिवनाथ गाउँपालिका |
| ५२ | ७ | बाजुरा | स्वामीकार्तिक गाउँपालिका |
| ५३ | ७ | डोटी | आदर्श गाउँपालिका |
| ५४ | ७ | डोटी | पूर्वीचौकी गाउँपालिका |
| ५५ | ७ | बझाङ्ग | दुर्गाथली गाउँपालिका |
| ५६ | ७ | अछाम | पन्चदेवल विनायक नगरपालिका |
| ५७ | ७ | अछाम | चौरपाटी गाउँपालिका |

## अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचन कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन दलहरूले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने | | | | | |
| २ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने दलले निवेदन पेश गर्ने | | | | | |
| ३ | निवेदन पेश गर्ने दलहरूको नामावली प्रकाशन गर्ने | | | | | |
| ४ | निवेदन पेश गर्ने दलले निवेदन फिर्ता लिन सक्ने | | | | | |
| ५ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दलको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | | | | | |
| ६ | दलले उम्मेदवारको बन्दसूची पेश गर्ने | | | | | |
| ७ | उम्मेदवारको बन्दसूची सच्याउन दललाई सूचित गर्ने | | | | | |
| ८ | दलले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | | | | | |
| ९ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन निवेदन दिने | | | | | |
| १० | उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित दललाई दिने र त्यस्तो उम्मेदवारको स्थानमा अर्को उम्मेदवारको नाम समावेश गरी दलले नामावली पेश गर्ने | | | | | |
| ११ | उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने | | | | | |
| १२ | उम्मेदवारको योग्यता सम्बन्धमा दाबी विरोध गर्न निवेदन दिन सक्ने | | | | | |
| १३ | उम्मेदवारको योग्यता सम्बन्धी दाबी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | | | | | |
| १४ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | | | | | |
| १५ | उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने | | | | | |
| १६ | मतदान गर्ने | | | | | |

<u>द्रष्टव्य</u> :

१ प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रको मतदान भएको सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतले मतगणना कार्य गर्नेछ ।

२. सम्बन्धित प्रदेश भित्रका सबै निर्वाचन क्षेत्रको मतगणना भई दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको विवरण प्राप्त गरी सकेपछि प्रत्येक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको अनुपातमा आयोगले निर्धारण गरेको सङ्ख्या बमोजिम सम्बन्धित दलले निर्वाचन आयोग समक्ष पेश गरेको बन्दसूचीबाट छनौट गरेका उम्मेदवारलाई आयोगले निर्वाचित भएको घोषणा गर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-४

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन आयोग

निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरेको मुचुल्का

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको लागि निर्वाचन कार्यक्रमको सूचना आज मिति .........का दिन.......... बजे हाम्रो रोहबरमा निर्वाचन अधिकृतको कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशित गरेको ठीक साँचो हो भनी हामी तपसीलका मानिसहरूले यो मुचुल्कामा सहीछाप गरिदियौं ।

तपसिल

१. ............जिल्ला............. गाउँपालिका /महा/उपमहा/न.पा. वडा नं. ............ गाउँ/टोल ............ बस्ने वर्ष........... को श्री ....................... दस्तखत ...............

२. .............जिल्ला............. गाउँपालिका /महा/उपमहा/न.पा वडा नं. ............ गाउँ/टोल ............ बस्ने वर्ष........... को श्री ....................... दस्तखत ...............

३. ............जिल्ला............. गाउँपालिका /महा/उपमहा/न.पा वडा नं. ............ गाउँ/टोल ............ बस्ने वर्ष........... को श्री ....................... दस्तखत ...............

मुचुल्का तयार गर्ने कर्मचारीको,-

सहीछाप :

पूरा नाम थर :

दर्जा :

मिति :

अनुसूची-५

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
निर्वाचन आयोग,
काठमाडौं ।

विषय : समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने सम्बन्धमा

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनमा देहाय बमोजिमको दलले भाग लिन चाहेकोले सोको लागि देहायको विवरण सहित यो निवेदन पेश गरेको छु :-

१. दलको पूरा नाम :
दलको मुख्य कार्यालय रहेको ठेगाना :
इमेल ठेगाना :
वेब साइट :

२. निर्वाचन प्रयोजनको लागि दल दर्ता भएको मिति र दर्ता नम्बर :

३. कुन कुन प्रदेशको निर्वाचनमाा भाग लिने हो खुलाउने :

४. दलको प्रमुख पदाधिकारीको,-
पूरा नाम, थर :
पद :
ठेगाना :

दलको तर्फबाट निवेदन दर्ता गराउन अधिकार प्राप्त व्यक्तिको,
सहीछाप :............................................
पूरा नाम, थर :.....................................
पद :..................................................
मिति :................................................
ठेगाना :..............................................
इमेल ठेगाना :.......................................
टेलिफोन/मोबाइल नम्बर :.......................

दलको छाप

निर्वाचन आयोग, नेपाल

अनुसूची-६
(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## निर्वाचन अधिकृतको कार्यालय
## निर्वाचन आयोग
### निवेदन दर्ता किताब

| क्र.सं. | दलको नाम | ठेगाना | दलको तर्फबाट निवेदन दर्ता गराउन अधिकार प्राप्त व्यक्तिको | | | | निर्वाचनमा भाग लिने प्रदेश |
|---|---|---|---|---|---|---|---|
| | | | पूरा नाम थर | पद | ठेगाना | इमेल ठेगाना | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निर्वाचन अधिकृतको कार्यालयको छाप

प्रमाणित गर्ने कर्मचारीको,-
सहीछाप :
पूरा नाम थर :
दर्जा :
मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची-७

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन आयोग

निवेदन दर्ताको जानकारी

श्री .........................................................

(दलको नाम र ठेगाना)

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनमा ......... प्रदेशमा भाग लिनका लागि त्यस दलले मिति ........................ का दिन ............. बजे यस कार्यालयमा दाखिला गरेको निवेदन क्रमसङ्ख्या ............. मा दर्ता भएको व्यहोरा जानकारी गराइएको छ ।

निर्वाचन अधिकृतको कार्यालयको छाप
